**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- नेताजी सुभाषचन्द्र बोसको १२८ औं जन्मजयन्तीको अवसरमा आज पराक्रम दिवस मनाइँदैछ।

- महाराष्ट्रको जलगाउँ जिल्ला अन्तर्गत पाचोरा तालुकमा भएको रेल दुर्घटनामा १२ जनाको मृत्यु भएको छ, राष्ट्रपति द्रौपती मुर्मु अनि प्रधानमन्त्री नरेन्द्र मोदीले गहिरो शोक प्रकट गर्नु भएको छ I

- रक्षामन्त्री राजनाथ सिंहले २०४७ सम्ममा देशलाई विकासशील राष्ट्रबाट विकसित राष्ट्रमा रूपान्तरण गर्न युवाहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनु भएको छ।

- नेपाल सरकारले 'ऊर्जा विकास रोडम्याप र कार्ययोजना-२०८१' अनुमोदन गर्ने भएको छ।

- कोलकतामा भएको पाँच म्याचको टी-२० शृङ्खलाको पहिलो म्याचमा भारतले इङ्ल्यान्डलाई ७ विकेटले पराजित गरेको छ।

**पराक्रम दिवस**

नेताजी सुभाषचन्द्र बोसको १२८ औं जन्मजयन्तीको अवसरमा आज पराक्रम दिवस मनाइँदैछ। यो तीन दिने महोत्सव संस्कृति मन्त्रालयले ओडिशाको कटकमा आयोजना गर्दैछ। हाम्रो संवाददाताले रिपोर्ट गरे अनुसार कार्यक्रमको उद्घाटन ओडिशाका मुख्यमन्त्री मोहन चरण माझीले गर्नु हुनेछ।

****** ० ******

**रेल दुर्घटना**

महाराष्ट्रको जलगाउँ जिल्ला अन्तर्गत पाचोरा तालुकमा भएको रेल दुर्घटनामा १२ जनाको मृत्यु भएको छ। यसमा तीन महिला र एक दस वर्षीय बालक समावेश छन्। यी यात्रुहरू कर्नाटक एक्सप्रेससँग ठोक्किँदा दुर्घटना भएको थियो। जलगाउँ पुलिस अधीक्षकले यस दुर्घटनामा १४ जना घाइते भएको बताउनु भएको छ। यद्यपि, ती मध्ये कसैको पनि अवस्था गम्भीर छैन। महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले घटनाप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारलाई ५-५ लाख रुपियाँ क्षतिपूर्ति र घाइतेहरूको निःशुल्क उपचारको घोषणा गर्नु भएको छ। मध्य रेलवेका प्रमुख जनसम्पर्क अधिकारी अनुसार पुष्पक एक्सप्रेसका केही यात्रुहरू कोचमा आगलागी भएको हल्लाका कारण चेन तान्दै रेलबाट ओर्लिएका थिए। त्यसपछि यो घटना भएको थियो I राष्ट्रपति द्रौपदी मुर्मु र गृहमन्त्री अमित शाहले पनि घटनाप्रति दुःख व्यक्त गर्नु भएको छ।

****** ० ******

**रेल दुर्घटना – पीएम**

प्रधानमन्त्री नरेन्द्र मोदीले जलगाउँमा भएको रेल दुर्घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै श्री मोदीले शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। उहाले पीडितहरूलाई सम्भव भएसम्म सबै सहयोग उपलब्ध गराउन अधिकारीहरूलाई निर्देशन दिनु भएको छ।

****** ० ******

**राजनाथ सिंह**

रक्षामन्त्री राजनाथ सिंहले २०४७ सम्ममा देशलाई विकासशील राष्ट्रबाट विकसित राष्ट्रमा रूपान्तरण गर्न युवाहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनु भएको छ। उहाँले हिज केरलाको अलाप्पुझा जिल्लाको मावेलिक्कारामा रहेको विद्याधिराज

विद्यापीठ सैनिक स्कूलको उद्धाटन समारोहलाई सम्बोधन गर्नु हुदै सो कुरा बताउनु भएको हो। उहाले देश हरेक क्षेत्रमा आत्मनिर्भरताको बाटोमा तीव्र गतिमा अगाडि बढिरहेको बताउनु भयो । स्वास्थ्य, सञ्चार, उद्योग, यातायात र रक्षा जस्ता क्षेत्रहरूमा नयाँ उचाइहरू हासिल भइरहेका छन्।

****** ० ******

**पीएम -दिल्ली**

वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आम आदमी पार्टीको कडा आलोचना गर्नु हुदै दिल्ली विधानसभा चुनावमा आपले आफ्नो हार महसुस गरिसकेको बताउनु भएको छ । श्री मोदीले आम आदमी पार्टीले राष्ट्रिय राजधानीका जनतालाई पानी जस्ता आधारभूत आवश्यकताहरू प्रदान गर्न असफल भएको आरोप लगाउनु भयो । दिल्लीको सत्तारुढ दलमाथि आक्रोश व्यक्त गर्नु हुदै श्री मोदीले दिल्लीमा रक्सी पाइन्छ तर पानी पाइँदैन भन्नु भयो । अर्कोतर्फ, उहाले ट्याङ्कर माफियाहरू फस्टाइरहेको बताउनु भयो । श्री मोदीले 'मेरा बुथ सबसे मजबुत' कार्यक्रम अन्तर्गत नमो एप मार्फत भारतीय जनता पार्टीका बुथ-स्तरीय कार्यकर्ताहरूसँग अन्तरक्रिया गर्दै यो कुरा बताउनु भयो । उहाले आम आदमी पार्टी र कांग्रेसले शहरका जनतालाई धोका दिएको आरोप लगाउनु भयो । श्री मोदीले आम आदमी पार्टीका संयोजक अरविन्द केजरीवालको कडा आलोचनागर्नु हुदै मुख्यमन्त्रीको रूपमा आफ्नो निवासमा मनग्गे खर्च गरेको आरोप लगाउनु भयो ।प्रधानमन्त्रीले आम आदमी पार्टी सरकारलाई शहरमा आयुष्मान भारत योजना लागू नगरेकोमा पनि प्रश्न गर्नु भयो । कुराकानीको क्रममा श्री मोदीले यमुना नदीमा प्रदूषणको मुद्दा पनि उठाउनु भयो र यस सम्बन्धमा आम आदमी पार्टीलाई आफ्ना प्रतिज्ञाहरूको सम्झना गराउनु भयो । प्रधानमन्त्रीले आम आदमी पार्टीले राष्ट्रिय राजधानीमा बस्ने पूर्वाञ्चलका जनता विरुद्ध षड्यन्त्र रचेको आरोप पनि लगाउनु भयो । उहाले भाजपा कार्यकर्ताहरूलाई आम आदमी पार्टीको पर्दाफास गर्न र जनतामाझ भाजपाको संकल्पलाई लोकप्रिय बनाउन आह्वान गर्नु भयो । उहाले दिल्लीमा रेकर्ड मतदान सुनिश्चित गर्न र प्रत्येक बुथमा भाजपाको लागि ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने लक्ष्य राख्न कार्यकर्ताहरूलाई आह्वान गर्नु भयो । उहाले केन्द्र सरकारका विभिन्न कल्याणकारी योजनाहरूको फाइदाको बारेमा पनि चर्चा गर्नु भयो ।

****** ० ******

**गणतंत्र दिवस – झाकी**

७६ औं गणतन्त्र दिवस परेडमा विभिन्न राज्य, केन्द्र शासित प्रदेश र केन्द्रीय मन्त्रालयहरूबाट जम्मा २६ वटा झाँकी तयार पारिएको छ, जसले देशको विविधता र सांस्कृतिक समावेशीतालाई प्रदर्शन गर्दछ। यस पटकको झाँकीको विषयवस्तु 'स्वर्ण भारत: सम्पदा र विकास' रहेको छ। परेडमा १६ राज्य र केन्द्र शासित प्रदेशहरूका साथै १० मन्त्रालय र विभागहरूका अद्वितीय विषयवस्तुहरू सहितका झाँकीहरू प्रस्तुत गरिनेछ। रक्षा मन्त्रालय अनुसार यी झाँकीहरूले भारतको विविध क्षमताहरू प्रदर्शन गर्नेछन्। यस वर्ष, परेडको विशेष आकर्षण भनेको बलियो र सुरक्षित भारतको विषयवस्तु सहितको तीन सेनाको झाँकी यस परेडमा भाग लिनेछ। आकाशवाणी समाचारलाई दिएको एक विशेष अन्तर्वार्तामा, एकीकृत रक्षा कर्मचारीका एयर कमोडोर मनीष सभरवालले यो झाँकीले राष्ट्रिय सुरक्षा र परिचालन उत्कृष्टता सुनिश्चित गर्ने सशस्त्र बलहरूमा संयुक्तता र एकीकरणको अवधारणात्मक दृष्टिकोण प्रदर्शन गर्ने बताउनु भएको छ ।

BYTE

परेडमा, मौसम विभागले पहिलो पटक आफ्नो झाँकी पनि निकाल्नेछ। आकाशवाणी समाचारलाई दिएको एक विशेष अन्तर्वार्तामा, पृथ्वी विज्ञान मन्त्रालयका सचिव डा. एम. रविचन्द्रनले यो झाँकीले मौसम विभागको विगत १५० वर्षको समृद्ध इतिहास र सम्पदाको प्रदर्शन गर्नु मौसम विभागको लागि गर्वको कुरा रहेको बताउनु भएको छ ।

BYTE

अन्य झाँकीहरू मध्ये, संस्कृति मन्त्रालयको झाँकीले भारतको सांस्कृतिक विविधता र रचनात्मकताको उत्सव मनाउँछ। यो प्रधानमन्त्री नरेन्द्र मोदीको 'सम्पदासँगै विकास' को मन्त्रबाट प्रेरित छ।

****** ० ******

**गणतंत्र दिवस-फुल रिहर्सल**

आज, राष्ट्रिय राजधानीको कर्तव्य पाथमा गणतन्त्र दिवस फुल ड्रेस रिहर्सल हुनेछ। यो अभ्यास बिहान १० बजेर ३० मिनटदेखि विजय चौकबाट सुरु हुनेछ र लाल किल्लासम्म जानेछ। यस अभ्यासको क्रममा, T-90 ट्याङ्क, नाग मिसाइल प्रणाली

र पिनाका रकेट प्रणालीले देशको सैन्य शक्ति प्रदर्शन गर्नेछ। यसबाहेक, सशस्त्र बलका विभिन्न मार्चिङ टोली र विभिन्न राज्यका झाँकीहरूले विविध सांस्कृतिक समावेशीता प्रदर्शन गर्नेछन्। भारतीय वायुसेना-आई.ए.एफ.का विभिन्न लडाकु विमान र विमानहरूले पनि कर्तव्य पथमा आकर्षक हवाई प्रदर्शन गर्नेछन्। यस अवसरमा राष्ट्रिय राजधानीमा व्यापक ट्राफिक व्यवस्था गरिएको छ। दिल्ली पुलिस अनुसार रिहर्सल परेड विजय चौकबाट सुरु भएर कार्तव्य पथ, सी-षट्कोण, नेताजी सुभाषचन्द्र बोस प्रतिमा, तिलक मार्ग, बहादुर शाह, जफर मार्ग र नेताजी सुभाष मार्ग हुँदै लाल किल्लामा पुग्नेछ। ट्राफिक पुलिसले ट्राफिक जामबाट बच्न यी मार्गहरूमा यात्रा नगर्न मानिसहरूलाई सल्लाह दिएको छ। दिल्ली पुलिस अनुसार अभ्यासको समयमा यात्रुहरूका लागि दिल्ली मेट्रो रेल सेवाहरू उपलब्ध हुनेछन् र सबै स्टेशनहरू खुला रहनेछन्।

****** ० ******

**ईपीएफओ - सदस्य**

कर्मचारी भविष्य निधि संगठन - EPFO का सदस्यहरूको संख्या गत वर्ष नोभेम्बरमा १४ लाख ६३ हजारले वृद्धि भएको छ। यी मध्ये १८ देखि २५ वर्ष उमेर समूहका नयाँ सदस्यहरूको संख्या ४ लाख ८१ हजार छ। नयाँ सदस्यहरूमा महिलाको संख्या लगभग दुई लाख चालीस हजार छ। श्रम तथा रोजगार मन्त्रालयका अनुसार यो वृद्धि बढ्दो रोजगारीका अवसरहरू र संस्थाको आउटरिच कार्यक्रमको सफलताका कारण भएको हो।

****** ० ******

**डिजिटल अर्थव्यवस्था**

वर्ष २०३० सम्ममा, डिजिटल अर्थतन्त्रले देशको कुल घरेलु उत्पादनमा बीस प्रतिशत योगदान गर्नेछ। इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले हिजो जारी गरेको प्रतिवेदनमा यो कुरा उल्लेख गरिएको छ। प्रतिवेदन अनुसार २०२२-२३ मा राष्ट्रिय आयमा डिजिटल अर्थतन्त्रको योगदान ११.७४ प्रतिशत थियो, जुन तीव्र गतिमा बढिरहेको छ। प्रतिवेदनले भारत डिजिटल अर्थतन्त्रबाट सबैभन्दा बढी लाभान्वित हुने विकासशील देश हुने बताएको छ।

****** ० ******

**महाकुम्भ-एआई च्याटबट**

उत्तर प्रदेशको प्रयागराजमा चलिरहेको महाकुम्भको समयमा आवश्यक सुविधाहरूको उपलब्धता जान्नको लागि एउटा नयाँ च्याटबट जारी गरिएको छ। यसमा तीन नयाँ सुविधाहरू थपिएका छन्। यस च्याटबटको उद्देश्य महाकुम्भमा भक्तहरूको अनुभवलाई सुधार गर्नु हो।

****** ० ******

**उत्तराखंड-चुनाव**

उत्तराखण्डका १०० नगर निकायका लागि आज बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म कडा सुरक्षा व्यवस्थाका बीचमा मतदान हुनेछ। राज्य निर्वाचन आयुक्त सुशील कुमारले मतदानका लागि राज्यभर १ हजार ५ सय १५ मतदान केन्द्र र ३ हजार ३ सय ९४ मतदान केन्द्रहरू स्थापना गरिएको बताउनु भएको छ । यस निर्वाचनमा कुल ३० लाख २९ हजार मतदाताले आफ्नो मताधिकार प्रयोग गर्नेछन्। उहाले शान्तिपूर्ण मतदानका लागि कडा सुरक्षा व्यवस्था मिलाइएको बताउनु भएको छ ।

****** ० ******

**नेपाल उर्जा**

नेपाल सरकारले ‘ऊर्जा विकास रोडम्याप र कार्ययोजना-२०८१’ अनुमोदन गर्ने भएको छ। सरकारले २०३५ सम्ममा विद्युत उत्पादन २८,५०० मेगावाट पुर्‍याउने ऊर्जा विकास मार्गचित्र र कार्ययोजना-२०८१ सार्वजनिक गरेको छ। २८ हजार ५०० मेगावाटको लक्ष्य हासिल गर्न नेपालका ऊर्जामन्त्री दीपक खड्काले विद्युत उत्पादन क्षेत्रमा लगानी गर्न निकायहरूलाई आग्रह गर्नु भएको छ । ऊर्जा विकास रोडम्याप र कार्ययोजना-२०८१ तर्फको दिशामा, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) ले अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसको अवसरमा 'अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा' सम्मेलन आयोजना गर्ने भएको छ। केन्द्रले जनवरी २६ देखि तीन दिवसीय सम्मेलन आयोजना गरेर यो दिवस मनाउन लागिएको जानकारी दिएको छ। संयुक्त राष्ट्र संघले २०२४ देखि हरेक वर्ष जनवरी २६ लाई अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसको रूपमा मनाउँदै आएको छ जसले गर्दा जनता र ग्रहको हितको लागि स्वच्छ ऊर्जामा न्यायपूर्ण र समावेशी रूपान्तरणको लागि जागरूकता बढ्दै गएको छ। सम्मेलनमा स्वच्छ ऊर्जासँग सम्बन्धित समस्या, चुनौती र अवसरहरू, नवीकरणीय ऊर्जा र ऊर्जा क्षमताको अवस्था, र सरकारी प्राथमिकता लगायतका विषयमा सरोकारवालाहरूसँग अन्तरक्रिया लगायत विभिन्न कार्यक्रमहरू आयोजना गरिनेछ।

****** ० ******

**क्रिकेट**

हिजो कोलकातामा भएको पाँच म्याचको टी-२० शृङ्खलाको पहिलो म्याचमा  भारतले इङ्ल्यान्डलाई ७ विकेटले पराजित गरेको छ। पहिला ब्याटिङ गर्दै इङ्ग्ल्याण्डले १३२ रन बनाएको थियो । जवाफमा, भारतले १३ औं ओभरमा लक्ष्य हासिल गर्‍यो। इङ्ल्यान्डका लागि कप्तान जोस बटलरले सर्वाधिक ६८ रन बनाए। भारतका लागि अभिषेक शर्माले ७९ रन बनाए। शृङ्खलाको दोस्रो म्याच  शनिबार चेन्नईमा खेलिनेछ।

****** ० ******